छविसपाथिभेरा गाउँपालिका

स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्ड: ७ | संख्या : ४ | मितिः २०८१।०३।१० |

# छविसपाथिभेरा गाउँपालिकाको विनियोजन ऐन, २०८१

गाउँसभाबाट स्वीकृत मिति : २०८१।०३।१०

प्रमाणिकरण मिति : २०८१।०३।१२

राजपत्रमा प्रकाशन मिति : २०८१।०३।१६

आज्ञाले

नाम : गगन बहादुर ऐडी

पद : नि.प्रमुख प्रशासकीय अधिकृत

CamScanner

छविसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०८१/२०८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेका ऐन, २०८१

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८१।०३।०९

प्रस्तावना: छविसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम छविसपाथिभेराको १४ औं गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम " छविसपाथिभेरा गाउँपालिकाको विनियोजन ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०८१।०८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार:** (१) आर्थिक वर्ष २०८१/०८२ को निमित्त गाउँकार्यपालिका, विषयगत समिति, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.।-**४९०७७२०००। (उनन्चास करोड सात लाख बहत्तर हजार मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन:** (१) यस ऐनद्वारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/०८२ को निमित्त छविसपाथिभेरा गाउंपालिको गाउँकार्यपालिका, विषयगत समिति, वडा समिति र विषयगत शाखाले गर्ने सेवा तथा कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा कुनै शीर्षकमा जम्मा विनियोजित रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र

CamScanner

वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।



CamScanner

अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा रु. हजारमा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँपालिका अनुदान | ८,४०,३७,००० | ११,००,४६,००० | | १९,४०,८३,००० |
| २ | | शर्शत अनुदान | २५,८१,८९,००० | | | २५,८१,८९,००० |
| ३ | | संघीय समपुरक अनुदान | | ६०,००,००० | | ६०,००,००० |
| ४ | | प्रदेश समपुर अनुदान | | ८५,००,००० | | ८५,००,००० |
| ५ | | संघीय विशेष अनुदान | | १,५०,००,००० | | १,५०,००,००० |
| ६ | | प्रदेश विशेष अनुदान | | ६५,००,००० | | ६५,००,००० |
| ७ | | आन्तरिक आम्दानी | २५,००,००० | | | २५,००,००० |
| | | | | | कुल जम्मा | ४९,०७७२,००० |

आज्ञाले

नि.प्रमुख प्रशासकीय अधिकृत

गगन बहादुर ऐडी